# हल्दीबारी गाउँपालिका

हल्दीबारी, झापा, प्रदेश नं.१, नेपाल

## नदीजन्य पदार्थको विक्रीको लागि बोलपत्र आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः-२०७७।०८।१८

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(क) र यस हल्दीबारी गाउँपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधि, २०७५, ढुङ्गा गिटी वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ अनुसार यस गाउँपालिकाको आइइ प्रतिवेदनमा उल्लेखित देउनिया खोलाको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खनन् गरी हल्दीबारी गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तपसील बमोजिमका शर्तहरुका अधिनमा रहि नेपाल सरकारको E-Procurement Portal (www.bolpatra.gov.np/egp) मार्फत वा गाउँ कार्यपालिकाको कार्यलयमा शिलबन्दी बोलपत्र पेश गर्ने गरि यो बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिणाम (घन मि.) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | HRM/GOODS/RIVER/NCB/01-077/078 | देउनिया नदीको नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | ३६००० घ.मि. | २१,४८,९९०।४० ( एक्काईस लाख अडचालिस हजार नौ सय नव्वे रुपैया चालिस पैसा मात्र) | कबोल अंकको ५(पाँच) प्रतिशत | ३०००।०० |

**शर्तहरुः-**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, वोलपत्र फाराम दस्तुर वापत सिटिजन्स बैङ्क ईन्टरनेशनल लि, हल्दीबारी रहेको यस कार्यालयको खाता नं. ०६३०१००००००१८२०१ मा नगद जम्मा गरेको नगद भौचर भरि मिति २०७७/०९/१९ गते मध्यान्न १२:०० बजे सम्म बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट वोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गरी पेश गर्नु पर्ने छ ।तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैङ्क खाता नं. मा जम्मा गरी दाखिला भौचरलाई वोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।वोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. वोलपत्र सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको ५% प्रतिशतको दरले हुने आउने धरौटी रकम यस कार्यालयको सिटिजन्स बैङ्क ईन्टरनेशनल लि मा रहेको धरौटी खाता नं. ०६३०१००००००१७२०१ जम्मा गरि सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा वोलपत्र नं र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारि गरिएको विड वण्ड वोलपत्रसाथ पेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका वोलपत्र सम्वन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको १३:०० बजे देखि विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै वोलपत्रदाता वा निजको प्रतिनिधि वोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. प्रि-विड वैठक यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिनको २:०० वजे हल्दीवारी गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक वोलपत्रदाताहरुले उक्त वैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त वैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. वोलपत्र सम्वन्धि विस्तृत जानकारी वोलपत्र सम्वन्धी फारामा उल्लेख गरिएको हुँदा सोही पुस्तिकावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुने आएमा वोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ ।

६. वोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले ७ दिन भित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कवोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य वुझाउनुपर्नेछ । दोश्रो किस्तावापत २५ प्रतिशत र तेस्रो किस्ता वापत २५ प्रतिशतले हुने रकम वरावरको नेपाल राष्ट्र वैंकवाट ईजाजत प्राप्त वाणिज्य वैंकवाट यस कार्यालयको नामवाट २०७८ आषाढ मसान्तसम्म म्याद रहि जारी गरिएको वैंक ग्यारेन्टी (परफरमेन्स वन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै वोलपत्र कवोल गर्ने व्यक्ति वा फर्मले आफूले कवोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थपं १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई-आयकर तथा अन्य कर वोलपत्रदाताले छुटै वुझाउनु पर्नेछ ।

७. ठेक्का कवोल रकम एकमुष्ट वुझाएमा कवोल अंकको १० प्रतिशत छुट दिइनेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार वोलपत्र वन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ ,हल्दीवारी गाउँपालिकावाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड वमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस वोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

(नोटः विस्तृत जानकारी website: www.haldibarimun.gov.np तथा www.bolpatra.gov.np मा समेत हेर्न सकिनेछ। )

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner